धादिङ जिल्ला दार्खा गाविस–१ निवासी नेकपा एमालेका नेता शिव थापामगरको हत्या सम्बन्धमा स्थलगत घटना अध्ययन प्रतिवेदन २०६७ मङ्सिर २ गते

प्रतिवेदक

इन्सेक, एडभोकेसी फोरम, पिपिआर नेपाल, नेपाल मानवअधिकार एलायन्स, काहुराष्ट्र, महिला मानवअधिकार सञ्जाल, आईसिडिसी

तथ्य सङ्कलनको सारांश :

घटनास्थल अध्ययन, परिवारका सदस्यहरू, देख्ने सुन्ने, छिमेकी, घटनास्तल वरिपरीका मानिस स्थानीय प्रशासन, राजनीतिक दलहरूको भनाई र अध्ययनकाक्रममा प्राप्त तथ्यहरू विश्लेषण गर्दा निजको हत्या गर्नु पर्ने राजनीतिक रीसईवी बाहेक अन्य कुनै कारण देखिदैंन । २०६६ मंसिरमा भएको नेकपा एमालेको जिल्ला अधिवेशनमा दार्खा लगायत त्यस भेकका दर्जनौ एकीकृत माओवादीका कार्यकर्ताहरू एमाले प्रवेशमा उनको हात रहेको तथा त्यसैबेला दार्खामा एमाले र एकीकृत माओवादीबीच भएको भनिएको गोली काण्डमा समेत उनी संलग्न रहेको आरोप लाग्नु रानीतिक रीसईवी बाहेक केही देखिदैन । घटनामा संलग्न देखिएका भनिएका व्यक्तिहरू वाईसिएल र एकीकृत माओवादीका जिल्ला र स्थानीय तहका सक्रीय कार्यकर्ता भएकाले पार्टीगत निर्णयबाट हत्या नभएको भनिए तापनि आरोपित व्यक्तिहरू एकीकृत माओवादीमा सम्बद्ध कार्यकर्ता भएको देखिन्छ ।

तथ्य सङ्कलन टोली वा व्यक्तिको नाम :

१	गणेश भण्डारी	-	इन्सेक
२.	पुष्प पौडेल	-	एडभोकेसी फोरम
३.	राजनारायण नेपाली	-	नेपाल मानवअधिकार एलायन्स
४.	अर्तिनाथ श्रेष्ठ	-	पिपिआर नेपाल
५.	कृष्णकुमार श्रेष्ठ	-	काहुराष्ट
६.	सीताराम अधिकारी	-	इन्सेक
७.	राधिका सापकोटा	-	महिला मानवअधिकार सञ्जाल
८.	गोकर्ण दुवाडी	-	आईसिडिसि
९.	नवराज छतकुल्ली	-	पत्रकार

घटना मिति : **२०६७ कार्तिक १ गते**

घटना स्थल : **दार्खा गाविस–१, राउतेको जंगल, धादिङ**

घटनाको स्थलगत अध्ययन मिति : **२०६७ कार्तिक १० र ११ गते**

घटनाको प्रकृति : **हत्या**

घटनाको पृष्ठभूमि :

नेकपा एमालेको जिल्ला कमिटीका पूर्व सदस्य शिव थापामगर धादिङवेशीमा कम्युनिकेसनको सामान्य व्यापार व्यवसाय गरेर वसोवास गर्दै आएका थिए । उनी दशैं मान्नलाई असोज ३१ गते आफ्नो गाउँ गएका थिए । थापामगर दशैंको टिकाको भोलिपल्ट कार्तिक १ गते सोही गाविसको दार्खा गाविसमा आयोजना गरिएको फुटवल प्रतियोगिता हेरेर फर्कने क्रममा सो दिन घरमा पुगेनन् । भोलिपल्ट पनि घरमा नआएपछि उनको खोजविन सुरु भएको थियो । उनको लाश कार्त्तिक ३ गते फेला पऱ्यो ।

घटना विवरण :

धादिङको दार्खा गाविस-१ राउते निवासी नेकपा एमाले जिल्ला कमिटीका पूर्व सदस्य एवम् उत्तरी धादिङका नेकपा (एमाले)का नेता ४३ वर्षीय शिव थापामगरको धारिलो हतियार प्रयोग गरी हत्या

गरेको अवस्थामा २०६७ कार्तिक ३ गते बिहान ९ बजे स्थानीय राउते जंगलमा उनको शव फेला परेको थियो । मगरलाई अज्ञात समूहले आक्रमण गरी हत्या गरेको छ ।

थापामगर दार्खा गाविसको वडा नं. ८ दार्खा बजारमा आयोजना गरिएको फूटबल प्रतियोगिता हेरेर ०६७ कार्तिक १ गते बेलुका ५ बजेतिर घर फर्कने क्रममा सो दिन घरमा पुगेनन् । कार्तिक २ गते पनि घर नफर्केपछि परिवारबाट खोजी गर्दैगर्दा ०६७ कार्तिक ३ गते बिहान ९ बजे राउते नजिकैको जंगलको भीरमा एउटा रुखमा अड्केको अवस्थामा थापामगरको लाश फेला परेको थियो । जंगलको बीचमा रहेको ठूलो भीरको एउटा रुखमा अड्केको अवस्थामा थापामगरको मृत शरीर भेटियो । घाँटी, हात काटिएको र शरीर भरि चोटैचोट भएको अवस्थामा लास भीरमा अड्केको थियो ।

घटना सम्बन्धमा सरोकारवालाहरूको भनाई :

भगवान थापा मगर (मृतकको दाजु)
घटनाका योजनाकार टिकाराम तामाङ, फत्त बहादुर गुरुङ, रामशरण थापा मगर र विक्रम भन्ने टेक बहादुर तामाङ हुन सक्ने देखिन्छ । अशोक, तेज बहादुर, भ्याप्ले नामका व्यक्तिहरू धादिङ जेलमा रहेको मध्ये तेज बहादुरलाई छुटाएको भन्ने आरोप माओवादीले लगाएको हुनसक्छ । किनकी गत वर्ष किन्ताङफेदी भन्ने ठाउँमा दार्खाका तर तनहुँ बस्ने विक्रम भनिने व्यक्तिलाई गोली हान्न लगाएको भन्ने आरोप माओवादीले भाइ (शिव) लाई लगाएको थियो । भाइ शिव २०६७ कार्तिक १ गते प्रहरी चौकीमा गई शान्ति सुरक्षा कमजोर भएको बहस गर्दा घटना भएको हुनसक्ने देखिन्छ ।

तिलक बहादुर थापा मगरका (साडु दाइ)
दार्खा भन्ने ठाउँमा खेल खेल्दा टेक बहादुर तामाङ र बेग बहादुर तामाङबिच केही भनाभन भएको सुनिएको थियो । तर के भएको हो भन्ने थाहा नभएको र निजहरू फरक दलसँग सम्बन्धित रहेको थिए । यसैगरी, रामशरण थापा मगरले विगत समयमा शिव, भगवान र मलाई समेत नराम्रो हुनसक्ने भनेको सुनिन्थ्यो । उजुरीपछि रामशरण लगायत केही व्यक्तिहरू फरार छन् । घटना घटाउनेहरू आश बहादुर तामाङ दार्खा-९, दुर्गा बहादुर तामाङ दार्खा (साईला) -८, बुद्धि बहादुर तामाङ (सल्लेरी) दार्खा-८, राजेन्द्र वि.क.दार्खा-३, आशिष तामाङ दार्खा -६, विक्रम भन्ने टेक बहादुर तामाङ(गोजे) दार्खा-९ हुनसक्ने ।

बुबा (मृतकका)
छोराको हत्यारा विक्रम तामाङ र रामशरण थापा मगर हुनसक्ने । प्रहरी प्रशासनले छोराको हत्यारालाई कारबाही गरोस् ।

श्याम थापा मगरका (स्थानीय)
शिव थापा मगरको हत्या घटना सुनियोजित हुनसक्ने देखिन्छ । अब यस्तो घटना नदोहोरियोस् र दोषीमाथि कारबाही होस् ।

कृष्णाकुमारी थापा मगर (बुहारी)
दशैंको टिकाको दिन दिउँसो दाई घर आउनु भयो । हामीले टिका लगाइसकेका थियौं । आमा, बुबाको हातबाट टिका लगाउनु भयो । हामी सबै जेठो दाईको ससुरालीमा टिका लगाउन गयौं । त्यसपछि मामाघरमा टिका लगाउन गयौं । भोलीपल्ट खाना खाएर दाई दार्खामा कार्यक्रम छ भन्दै जानुभयो । त्यो दिन दाई घर आउनु भएन । पहिला पनि गाउँघरतिर बस्ने भएकोले साथीहरूकोमा बस्नु भएको होला भन्ने हामीले सोच्यौं । भोलीपल्ट धाराको पानी विग्रिएकोले सबै

जना मुहानमा पानी बनाउन जानु भयो । खाना खान समेत आउन नसकेर मुहानमानै हामीले खान लगिदिएर खानु भयो । साँझ ५ बजेतिर उहाँहरू घर आउनु भयो । उहाँहरू घर आउँदा पनि शिव दाई घर आउनु भएको थिएन । ठूलो दाईले गंगा दाईलाई दार्खामा फोन गरेर शिव आजपनि त्यहाँ नै बस्ने हो भनेर सोध्नु भयो तर गंगाले शिव त हिजो नै ५ बजेतिर घर जान्छु भनेर गैसकेको भनेपछि मात्रै खोजी शुरु भयो । सबै गाउँले र प्रहरी मिलेर जंगलमा खोजी गऱ्यौं । राती १२ बजेसम्म पनि केही पत्ता नलागेपछि हामी सबै घर आयौं । भोली पल्ट बिहानै फेरी खोजी शुरु भयो । बिहान पनि खोजी गर्दा फेला नपारेपछि मारेको छैन अपहरण गरेको मात्रै हो भन्ने हामीलाई लागेकोले सर्वदलिय वैठक राख्ने भनेर ठूलो दाइहरू र गाउँले समेत गाविस तिर लाग्नु भयो । त्यहि बेलामा एकजना केटाले हिजो वेलुका तिर भिरमा सेतो बाँदर लडेको जस्तो देखेको भनेपछि सबै त्यता गएर हेर्दा दाईको लास भेटियो ।

४ गते प्रहरी चौकी दार्खामा प्रहरीले बोलाएकोले हामी सबै गएका थियौं । हामीसंगै रामशरण थापा मगर पनि गएको थियो । ऊसंग असईले कुरा गरेको र भोली पल्ट १० बजे आउनु भनेर पठाएको तर ऊ भोली पल्टदेखि गाउँमा समेत देखिएको छैन । प्रहरीले पनि फोन गरेको थियो रे तर स्वीच अफ छ भन्नु भएको थियो ।

दशैको टिकाको दिन अगाडी पनि रामशरणले बच्चाहरूलाई शिव घर आएको छ कि छैन भनेर सोधेको थियो भनेर वच्चाहरूले भन्ने गरेको वच्चाहरूले भनिरहेका छन्, त्यसैले उनीहरूको पहिला देखिकै योजना हो भन्ने वुझिन्छ । दाईको कसैसंग केही रीसईवि थिएन । राजनीतिक कारणले नै दाईको हत्या भएको हो ।

कमला थापा मगर (मृतकको श्रीमती)

द्वन्द्व कालमा घरमा बस्न नसकी आफू र बालबच्चा काठमाण्डौ गई बस्ने गरेको थिएँ । कहीँ कतैबाट घटना हुने संकेत वा धम्की आएको थाहा थिएन । दशैँमा आफूहरू काठमाण्डौ नै बसेको थियौं । श्रीमान घर आउनु भएको थाहा वा धादिङवेशीमै हुनुहुन्थ्यो थाहा थिएन । यो घटनापछि आफूले काठमाण्डौमा थाहा पाएँ ।

विन्दा थापा मगर (भिरबाट सेतो बाँदर लडेको भन्ने केटासँग कुरा गर्ने मान्छे)

शिव दाई हराएको थाहा पाएपछि हामी सबै खोज्न गयौं । रक्सी किनेको पसलमा सोध्न गएको काम गर्नेलाई रक्सी किनेर खान दिएको तर शिव दाईले नखाई आमाले आउनु भन्नु भएको छ म घर जान्छु भनेर गएको भन्ने कुरा थाहा भयो । त्यसपछि तल पुछारतिरको घरमा केही थाहा छ कि भन्ने लागेर हामी त्यहाँ गयौं । त्यसघरको भाईले मेरो सानो वहिनीले भनेको हिजो साँझमा त्यो भिरमा बाँदर कराएको जस्तो खलङ खुलुङ सुनेको र सेतो बाँदर भिरबाट लडेको जस्तो देखेको भनेपछि हामीले त्यतातिर हल्ला गरेर त्यहाँ खोज्दा दाईको लास भेटिएको हो ।

ध्रुव सिंखडा (शिक्षक)

दार्खामा अराजक परिस्थिति र लुटपाट, हतियार प्रयोग भइ रहने गर्दछ । मानिसले स्वतन्त्र बोल्न नसक्ने अवस्था छ यहाँ । किन्ताङ फेदीमा सशस्त्र बेस क्याम्प खडा गर्नुपर्ने अवस्था छ । शिव थापा मगरको घटना यसैले घटाएको भन्न सकिने अवस्था छैन । बेग बहादुर तामाङ र टेक बहादुर तामाङ बिच खेल मैदानमा भनाभन भएको सुनेको थिएँ ।तामाङहरूबिचमा झगडा हुने गरे पनि मारमा अन्य जातका समर्थकहरू पर्ने गरेको छन् । त्यस्तै केही भएको हुनसक्छ । छानविन राम्रो भए हुने थियो । यहाँ हुने घटना सबे सार्वजनिक हुँदैनन् ।

फूरबहादुर तामाङ (गणेशकुण्ड उ.मा.वि शिक्षक)

शिव जी र म एकदमै मिल्ने साथी हो । तर धेरै समयदेखि मेरो शिव जीसंग भेट भएको थिएन । फोनमा भने कुरा भएको थियो । दार्खा आउनु भएको भन्ने सुनेको थिए । तर मलाई कार्यक्रममा नबोलाएकोले म कार्यक्रममा गइन त्यसैले भेट भएन । कार्तिक ३ गते बिहान शिव जी

हराएको खवर थाहा पाए । स्कूलको केही काम भएकोले गरेर जान्छु भन्दै थिए । उहाँको लास भेटिएको थाहा पाएपछि त्यहाँ नै गए ।

आरोप लागेको मान्छेहरू अहिले गाउँमा छैनन । कार्तिक ४ गते प्रहरी चौकीमा सर्वदलिय बैठकमा स्वास्थ्य चौकीका इन्चार्ज फत्तबहादुर तामाङसंग भेट भएको हो । ५ गते विर्चेतमा खोप छ भन्दै मास्तिर गएको देखेको त्यसपछि देखेको छैन । २ गते विक्रमलाई ससुरालीबाट आउँदै गर्दा स्कूल भन्दा मुनिको पसलमा देखेको र कुरा समेत भएको थियो त्यसपछि देखेको छैन । हत्या गरेको प्रकृति हेर्दा सुनियोजित जस्तो लाग्छ ।

आमा (मृतकका)

रामशरण थापा मगरले पहिला देखिनै जासुसी गरिरहेको थियो । अब तेरो छोरो घर आउँदैन भन्ने गरेको थियो । गाउँका मानिसहरूसंग १० हजार दिने मान्छे भए त्यसलाई चटक्क काटिदिन्थे भन्ने गरेको र भगवान, शिव र तिलकको आयु अब धेरै दिन छैन पनि भनेको भनेर सुनाएका थिए, तर मैले यस्तो गर्लान् भन्ने सोचिन । मैले नै नियास्रो लागेको छ आऊ भनेर कर गरेर माइलोलाई घर बोलाएको थिएँ । दार्खा जाँदा पनि छिट्टो आउ है मेरो मन पोल्छ भनेको थिए । पिर नगर्नु आइहाल्छु भनेको थियो ।

माओवादीहरूलाई कति पटक भात पकाएर खुवाएको छु । पुष्पविक्रम मल्ललाई समेत भात खुवाएको छु तर अहिले यस्तो गरेर मेरो काखको छोरालाई मारिदिए । मेरो छोरालाई जसरी मारेका छन्, तिनीहरूको पनि त्यस्तै अवस्था भएको मैले हेर्न पाउँ । पत्रिकामा मेरो छोरोका लास जुन अवस्थामा देखेको छु त्यही अवस्थाको लास भएको पत्रिका मैले हेर्न पाउँ ।

प्रत्यक्षदर्शीको अनुरोधमा नाम गोप्य राखिएको

हामी टिकाको भोलीपल्ट जंगलमा काठ काटेर ३.३० बजेतिर फर्कदा दार्खाको धुनिखोलामा ३ जना मान्छेसंग भेट भएको थियो । २ जनाले रातो रुमालले मुख बाँधेका थिए भने १ जनाले रुमालले मुख छोपेका थिए । रुमालले मुख छोप्ने राजेन्द्र वि.क हुन् । उनले पछाडिपट्टी झोला बोकेका थिए । झोलामा केही सामान थियो जुन गरुङ्गो जस्तो लाग्थ्यो । झोला भित्र केही लामो आकारको चिज जस्तो देखिन्थ्यो । रुमालले मुख बाँधेका मध्ये आशबहादुर तामाङलाई पनि हामीले चिन्यौं । राजेन्द्र वि.क भन्दा अघि अघि उनी हतारमा जंगलको बाटो जाँदै थिए । उनीसंगै आएका अर्का एकजनालाई भने हामीले चिनेनौं । एकजनाले कम्व्याट ड्रेस लगाएका थिए । शिव थापा गाउँबाट घरतिर फर्कदै गर्दा हामीले भेट्यौं । उनले हामीलाई रक्सी किनेर खुवाए र घर जानै पर्छ भनेर हिडे । हामीले गाउँमै बसौं भन्दा मान्नु भएन । शिव थापा हामीसंग छुट्टिएपछि घर गए होलान भनेको त हराएछन् । हामी खोज्न हिड्यौ । २ गते राती पनि जंगलमा खोज्यौं ३ गते बिहानसम्म पनि शिव थापाको पत्ता नलागेपछि यही गाउँकी एउटा वच्चीले १ गते वेलुका जंगलमा सेतो बाँदर लडेको जस्तो देखेको र चिच्याएको सुनेको कुरा बताएपछि हामीले त्यतातिर खोज्दा उनको लास भेटायौं । सालविसौना चौतारा नजिकै कार्तिक ३ गते विहान ९ बजेतिर शिव थापाको लास घाँटी रेटिएको र हात छिनालिएको अवस्थामा भेटियो । सालविसौंना चौतारामा हामीले मिमि चाउचाउको खोल र फुटाइएको रक्सीको बोतल फेला पार्‍यौं त्यो सबै सामान प्रहरीले वरामद गरेको छ । उनिहरूले पसलमा किनेको र खाएको स्थानमा जे भेटियो त्यो एउटै हो । उनिहरूले शिव थापाअघिअघि आएर खाएर लुकेरबसी आक्रमण गरेर मारेका होलान् ।

भिषण सिंखडा, दार्खा - ७ (पसले)

कार्तिक १ गते भलिवल प्रतियोगिता आायोजना गरिएको थियो । मानिसहरूको चहलपहल पनि धेरै नै थियो । त्यो दिन शिव थापा पनि यहाँ आएका थिए । वाइसीएलका क्षेत्रीय इन्चार्ज विक्रम पनि आएका थिए । माओवादी कार्याकर्ताहरू ग्रुपमा यताउता गर्दै थिए । राजेन्द्र वि.कले मेरो पसलमा ४ वटा सेरा रक्सी र ४ वटा मिमि चाउचाउ किने र केही मिन्टो चक्लेट पनि किने

। सबै सामान झोलामा हाले र उनीहरू तलतिर लागे । राजेन्द्रले झोला बोकेका थिए । उनको झोलामा पहिल्यै केही सामान पनि रहेकोजस्तो देखिन्थ्यो ।

मिनबहादुर थापामगर (दार्खा गविस-१, राउते)
रामशरण थापामगर मेरो आफ्नै मामाको छोरा हो । विजया दशमी टीकाको दिन म मामाको घरमा टीका लगाउन गएको थिएँ । त्यहाँ रामशरणसँग भेट हुँदा निजले अब शिव बाँच्दैन, दार्खामा भएको घटनामा सबै उसैको काम हो । यसकारण शिव मर्छ भनेका थिए । त्यो कुरालाई त्यतिखेर वास्ता गरिएन । यो हत्या गर्ने कार्य तिनीहरूकै कार्य हो । तिनिहरूले यस्तो कुरा गरे अनि काम पनि गरेर भागे, नभए उनीहरू किन भाग्थे ।

लोकबहादुर तामाङ र हिराबहादुर घले
कार्तिक १ गते सदावहार युवा क्लबले भलिवल प्रतियोगिता राखेको थियो । कार्यक्रममा शिव थापा र विक्रम आएका थिए । कार्यक्रम सकिएपछि सबै आ-आफ्नो शुरमा लागियो । जब शिवको लास भेटियो त्यो पछि ४ गते प्रहरीले नै सर्वदलीय वैठक बोलायो । त्यो बैठकमा एकीकृत माओवादीका तर्फबाट चतुरबहादुर तामाङ, फत्तबहादुर तामाङ, रामशरण थापा मगर, आसबहादुर समेत थिए । प्रहरीले गाउँ सुधार समिति बनाउने भनेको थियो । त्यहाँ चतुरबहादुर तामाङले हाम्रो विरुद्ध जाहेरी दिनेहरूलाई राम्रो हुदैन भन्दै हामीलाई धम्क्याएका थिए । हामीले हामीलाई त थाहा छैन तपाईलाई कस्ले भन्यो भन्दा प्रहरीले भनेको भने । प्रहरीले नै उनिहरूलाई जाहेरी परेको भनेर खबर गरि भाग्ने वातावरण बनाएको देखिन्छ ।

घटनाको सम्बन्धमा सरकारी तथा सुरक्षा निकाय प्रमुखहरूको भनाई :

प्रमुख जिल्ला अधिकारी (भरत पौडेल)
हामी शिव थापामगरको हत्यामा संलग्नलाई कारबाही गर्ने हरप्रयत्न लागिरहेका छौं । ढिलोछिटो अवश्य कारबाही हुन्छ । काम भइरहेको छ । तर हत्यामा संलग्नको पहिचान भएर पनि नियन्त्रणमा नआएकाले हामीले गरेको काम बाहिर नदेखिएको हो । तर, हामी यसमा अनुसन्धानको क्रममा छौं र सकेसम्म कारबाही गर्ने छौं । जिल्ला प्रहरी कार्यलयले पनि यस घटनालाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ । जहाँसम्म प्रहरीले हत्यामा संलग्न भएका आरोपीलाई गिरफ्तार गरेन भन्ने सवाल छ त्यो हैन र पनि समयमा प्रहरी परिचालन भएको भए केही आरोपी गिरफ्तार हुने सम्भावना रहेको भन्ने गुनासो जनताबाट पनि भएको छ । यसको पनि छानविन अवश्य हुने छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख (डिएसपी घनश्याम अर्याल)
शिव थापामगर हराइरहेको खबर मलाई कार्तिक ३ गते बिहान ६.३० बजे स्थानीय प्रहरी चौकीका इन्चार्जले भनेर थाहा पाएको हो । सो बेला देखिनै तदारुपताका साथ खोजविनको कार्य भइरहेको छ । सोही दिन स्थानीय जंगलमा लास प्राप्त भएको खबर प्राप्त हनुभन्दा पहिले नै यहाँबाट एउटा टोली प्रहरी निरीक्षकको नेतृत्वमा घटनास्थल प्रस्थान गरिसकेको थियो । घटनामा संलग्न व्यक्ति र संख्याको पहिचान भइसकेको छ । प्रहरीमा जाहेरी पर्नुभन्दा पहिले सञ्चारमाध्यामले नाम सार्वजनिक गर्नाले समयमा प्रहरीले गिरफ्तार गर्न सकेन हत्यामा संलग्नलाई । यसमा प्रहरी कहाँ के कसरी चुकेको हो त्यो पनि आन्तरिक छानविन हुनेछ । हत्यामा संलग्न सबैको पहिचान भइसकेको छ । हत्याको योजना कहाँ कसरी बनेको थियो । को को उनको हत्यामा प्रत्यक्ष संलग्न थिए के हतियार प्रयोग गरे भन्ने पनि खुलेको छ भने उनीहरूलाई पैसा दिएर बाहिरबाट परिचालन गर्ने व्यक्तिहरूको पनि पहिचान भएको छ । हामीले हत्याको अनुसन्धानमा कुनै कसुर बाँकी राखेका छैनौं । दिनरात नभनी खटिएका छौं । खाली अभियुक्तलाई गिरफ्तार गर्न नसकेकोले बाहिर काम नदेखिएको हो । आन्तरिक अनुसन्धान जारी छ । समय लाग्न सक्छ । त्यसैले २० वर्ष

काराबास सजायको समय दिइएको हो । हामी हत्यामा संलग्नलाई अवश्य नै कारबाहीको दायरामा ल्याउने छौं ।

प्रेमसागर खत्री (प्रहरी निरिक्षक, अनुसन्धानमा खटिएका)
प्रहरीसँग पनि शिव थापामगरले थ्रेडको संकेत गरेका रहेछन् । हामी अनुसन्धानको क्रममा घटनास्थल जाँदा अभियुक्त भनिएकाहरू सबै फरार भइसकेछन् । दशैंको बेलामा मान्छेको आवतजावत बढी भएको र एउटै नाम धेरै व्यक्तिको भएकोले पनि अभियुक्तहरू हाम्रै अगाडिबाट पनि उम्कन सफल भएको देखिन्छ । हालसम्मको अनुसन्धानबाट चारजना घटनामा संलग्न रहेको देखिन्छ । अभियुक्तहरू फरार भए पनि हामी चाँडै पक्राउ गर्ने गरी परिचालित छौं ।

घटनाका सम्बन्धमा राजनीतिक पार्टी तथा जिल्लास्थित संस्थाहरूका प्रतिनिधिहरूको भनाई

राजु नेपाल (एकीकृत नेकपा माओवादी), जिल्ला सचिव, धादिङ
शिव थापा मगरको हत्याले हामीलाई पनि दुखित तुल्याएको छ । यसमा हाम्रो पार्टीको संलग्नता छैन । यो पार्टी निर्णयबाट भएको होइन । हामीले यसमा समयमै प्रेस विज्ञप्ति प्रकाशन गरेर एमालेले लगाएको आरोप निराधार हो भनिसकेका छौं । बहुदलीय परिपाटीमा को कसले कहाँ भोट हालेको छ वा हत्यामा संलग्न हुने व्यक्ति हाम्रो कार्यकर्ता वा सदस्य रहेछ भने सोही अनुसारको कारबाही गर्न हाम्रो पार्टी तयार छ । तर, एमालेले थापामगरको हत्या हुनासाथ एकपक्षीय ढंगले एकीकृत माओवादीलाई आरोप लगाएकोमा हाम्रो आपत्ति छ । यसबाट हत्यारालाई कारबाही गर्न बाधा पुगेको छ । हाम्रो पार्टी शिव थापामगरको हत्यामा जोसुकै संलग्न भए पनि कानुनी कारबाही गर्नुपर्छ भन्ने मान्यता राख्दछ । हामी स्थानीय प्रहरी प्रशासनलाई पनि सहयोग गर्न तयार छौं । अन्तरिम संविधान निर्माणमा हाम्रो पार्टीको पनि संलग्नता छ । सो संविधान अनुसारको कानुनी कारबाही गर्न हाम्रो पार्टी तयार छ । तर, एमालेले हाम्रो पार्टीलाई आरोप लगाएर प्रहरीले त्यस क्षेत्रका हाम्रा कार्यकर्तालाई दुखः दिएको छ । हाम्रा कार्यकर्ताको संरक्षण हामीले गर्नु पर्छ ।

रामबहादुर भण्डारी (एकीकृत नेकपा माओवादी), जिल्ला सहइन्चार्ज, धादिङ
दोषीमाथि कारबाही हुनपर्छ भन्ने हाम्रो धारणा हो । एमालेले घटनालाई राजनीतिकरण गरी दोषी लुकाउने खेल खेल्यो । यहाँ निर्दोष व्यक्तिलाई फसाउने काम भएको छ । यस घटनालाई लिएर गाउँघरमा आतंक फैलाइएको छ । जिल्ला प्रहरी कार्यालयका डिएसपीले हामीलाई तपाईको पार्टीका यो यो मान्छे संलग्न छन् भनेर भनेको छैन । यो घटनामा पार्टी मुछिएकाले हामी आन्तरिक रुपमा भने घटनाको छानविन गरिरहेका छौं । समय आएपछि हाम्रो छानविन सार्वजनिक गर्ने नै छौं ।

गोपाल रिजाल, (अखिल नेपाल किसान संघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष, धादिङ
शिव थापामगर जाँडरक्सी नखाने, जुवातास नखेल्ने, महिलामाथि आँखा नलाउने, धनसम्पत्तिमाथि आँखा नगाड्ने सारै असल, वास्तवमा उनी साँच्चै कम्युनिष्ट हुन् । उनी आफू दुख गरेर पनि अरुलाई सहयोग गर्ने व्यक्ति हुन् । उनी कसैलाई पनि बिझाउने बोलिबचन नगर्ने सहयोगी व्यक्ति हुन । यो हत्या बारे मलाई माओवादी पार्टीले जानकारी गराएको छैन । यो पार्टीको निर्णयबाट भएको हैन । शिवसँग मेरो मितेरी साइनो छ । मलाई उनी मामा भन्छन् । अपराधीलाई कारबाही हुनुपर्छ । पार्टीमा पनि अपराधिलाई कारबाही गर्नुपर्छ भनेको छु । किटानी जाहेरीमा उल्लेखित मानिसहरू सबै हो पनि भन्न सक्तिन र सबै होइनन् भन्न पनि सक्तिन । अनुसन्धानका लागि लैजानु हुँदैन भन्दिन । उनी एक असल व्यक्ति थिए । मारिएकोमा दुःख लागेको छ ।

भक्त लामा (नेपाली काङ्ग्रेस, जिल्ला सचिव, धादिङ)
ऐन कानुन नियमको उपहास भएको बेलामा अपराध गर्ने र त्यसलाई राजनीतिक रंग दिने काम बढी भएको छ । यो घटना क्रुर तरिकाबाट भएको हो । निजलाई अन्यत्र मारेर त्यहाँ ल्याएको हुनपर्छ । यो विभत्स हत्या हो । एमाले, नेका, एकीकृत माओवादी, मानवअधिकारवादी र प्रशासन निष्पक्ष भयो भने १० दिन भित्र दोषीहरू पत्ता लाग्छन् । लास, जाँच प्रकृति मुचुल्का नगर्दै माओवादीबाट यस घटनाका सम्बन्धमा वक्तव्य आएको थियो ।

गुरुप्रसाद बुर्लाकोटी (नेकपा एमाले), जिल्ला अध्यक्ष, धादिङ
एकजना एकीकृत माओवादी कार्यकर्ता फत्तबहादुर तामाङको घरमा अघिल्लो दिन वैठक बसी हत्याको योजना बनाएका हुन् । तसर्थ, शिव थापामगरको हत्यामा माओवादीको संलग्नता रहेको छ । कुन तहको नेतृत्व तथा कार्यकर्ताको संलग्नता भन्ने कुरा अनुसन्धानपछि नै थाहा लाग्ने छ । हाम्रा एक होनाहार, मिलनसार, क्रियाशील युवा नेताको हत्या भएको छ । यसले माओवादीमा अझै हिंसाको प्रवृति कायम रहेको देखाउँछ । हत्यामा संलग्नलाई कानुनी दायरामा ल्याएर कानुनी कारबाही गर्नु जरुरी छ । तर, माओवादीले यसमा पार्टीको संलग्नता छैन, भन्दै आफ्ना कार्यकर्ताको संरक्षण गरेर स्थानीय प्रहरी प्रशासनलाई कानुनी कारबाही गर्न हतोत्साही गरिरहेको छ । खासगरी अराजनीतिक व्यक्तिहरूलाई राजनीतिक जिम्मा दिएको कारणबाट यस्तो घटना भएको हो । दार्खा, मार्फा, सत्यदेवी लगायतका भागमा एमालेलाई कमजोर बनाउने उद्देश्य राखी प्रस्तुत घटना माओवादीले घटाएको हो ।

जाहेरी दर्खास्तमा उल्लेखित आरोपितहरूको विवरण

क्र.स	नाम थर	ठेगाना	पद	कैफियत
१	टेकबहादुर तामाङ(विक्रम)	दार्खा गाविस -९	वाईसीएल १ नं क्षेत्रीय इन्चार्ज	
२	दुर्गाबहादुर तामाङ(साइलो)	दार्खा गाविस -९	एनेकपा माओवादी (गाउँ कमिटी सदस्य	
३	आशबहादुर तामाङ	दार्खा गाविस -९	वाईसीएल जिल्ला सदस्य	
४.	फत्तबहादुर तामाङ	दार्खा गाविस -८	एनेकपा माओवादी दार्खा सल्लाहाकार	दार्खा स्वास्थ्यचौकी इन्चार्च
५	टिकाराम तामाङ (लोपचन)	दार्खा गाविस -८	एनेकपा माओवादी गाउँ कमिटी इन्चार्ज दार्खा	
६	रामशरण थापा मगर	दार्खा गाविस-१	एनेकपा माओवादी जिल्ला कमिटी सदस्य धादिङ	
७	राजेन्द्र वि.क	दार्खा गाविस -६	वाईसीएल गाउँ कमिटी सदस्य	
८	धिरज तामाङ	दार्खा गाविस -८	वाईसीएल गाउँ कमिटी सदस्य	

निष्कर्ष
घटनास्थल अध्ययन, परिवारका सदस्यहरू, देख्ने सुन्ने, छिमेकी, घटनास्तल वरिपरीका मानिस स्थानीय प्रशासन, राजनीतिक दलहरूको भनाई र अध्ययनकाक्रममा प्राप्त तथ्यहरू विश्लेषण गर्दा निजको हत्या गर्नु पर्ने राजनीतिक रीसईवी बाहेक अन्य कुनै कारण देखिदैंन । व्यक्तिगतरुपमा उनी मिलनसार र सोझा स्वभावका देखिन्छन् भने लामो समयदेखि उनी नियमितरुपमा दार्खा नबसी धादिङ्गवेशीमा कम्युनिकेशन चलाएर बस्दथे । तर दार्खा र वरिपरी अर्थात धादिङ्गको उत्तरी

भेकमा हुने कुनै पनि घटना वा क्रियाकलापमा उनीमाथि शंका गरिन्थ्यो । २०६६ मंसिरमा भएको नेकपा एमालेको जिल्ला अधिवेशनमा दार्खा लगायत त्यस भेकका दर्जनौ एकीकृत माओवादीका कार्यकर्ताहरू एमाले प्रवेशमा उनको हात रहेको तथा त्यसैबेला दार्खामा एमाले एकीकृत माओवादीवीच भएको भनिएको गोली काण्डमा समेत उनी संलग्न रहेको आरोप लाग्नु रानीतिक रीसईवी बाहेक केही देखिदैन । २०६७ को विजया दशमीका दिन आरोपी रामशरण थापामगरले मृतकका आफन्त र छिमेकीसँग समेत अब उ धेरै बाँच्दैन, उसका दिन सकिए भन्दै हिड्नु र हत्या पश्चात आरोपित व्यक्तिहरू गाँउबाट फरार रहनुले घटनामा उनीहरूको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ ।

घटनामा संलग्न देखिएका व्यक्तिहरू वाईसिएल र एकीकृत माओवादीका जिल्ला र स्थानीय तहका सक्रीय कार्यकर्ता भएकाले पार्टीगत निर्णयबाट हत्या नभएको भनिए तापनि आरोपित व्यक्तिहरू एकीकृत माओवादी कार्यकर्ता भएको देखिन्छ ।

यसैबीच, हत्यामा आरोपी व्यक्ति विक्रम भनिने टेकबहादुर तामाङ र राजेन्द्र विकलाई एकीकृत माओवादीले २०६७ कार्तिक २९ गते पार्टीको सबै तहको जिम्मेवारीबाट निस्कासन गरेको विज्ञप्ति प्रकाशन गरेबाट प्रहरीले आरोपी व्यक्तिलाई गिरफ्तार गरी अनुसन्धान गर्न थप मद्दत मिलेको देखिन्छ । एकीकृत माओवादीको यो कारबाहीबाट एकीकृत माओवादी हत्यामा संलग्नलाई राजनीतिक संरक्षण नगरी प्रहरी प्रशासनलाई अनुसन्धान प्रकृयामा सहयोग गर्न तत्पर रहेको प्रष्ट भएको छ ।

अत प्रहरी प्रशासनले राजनीतिक रंग लागेका हत्याका घटनामा संलग्नलाई कानुनी दायरामा नल्याउँदा जुनसुकै कारणले भएका हत्याका घटनामा राजनीतिक रंग दिएर अपराधिहरू कानुनी दायरा बाहिरै रहने र राजनीतिक दलहरूबीच नै एकआपसमा आरोप प्रत्यारोप हुने अवस्था धादिङ जिल्लामा देखिएको छ । यसबाट के देखियो भने यस्ता किसिमका घटना र अरापीत माथि कारबाही नहुँदा दण्डाहीनताले झन प्रश्रय पाउने देखिन्छ ।

सुझाव

- हत्याका घटनामा राजनीतिक संरक्षणको अवस्था हुन नहुने ।
- यस्तो प्रवृतिका घटनामा प्रहरी प्रशासनलाई कारबाही गर्ने वातावरण राजनीतिक दलले बनाइ दिनुपर्ने ।
- धादिङमा यस भन्दा अघि पनि हत्याका घटना भएकामा ती घटनाका आरोपीतहरूलाई कारबाही नभइ दण्डहीनताको अवस्था रहनु ।
- नागरिक समाज, राजनीतिक दलहरू र प्रशासनवीच सहमतिमा काम हुन सके दण्डहीनता अन्त्य गर्न सहयोग पुग्छ ।
- शीव थापा मगरका हत्यामा आरोपितहरू पहिचान भई सक्दा पनि प्रशासनले पक्राउ नभएकोमा यथाशीघ्र पक्राउ गरी कारबाही चलाउनुपर्ने ।
- हत्यामा आरोपी व्यक्ति विक्रम भनिने टेकबहादुर तामाङ र राजेन्द्र विकलाई एकीकृत माओवादीले २०६७ कार्तिक २९ गते पार्टीको सबै तहको जिम्मेवारीबाट निस्कासन गरेको विज्ञप्ति प्रकाशन गरेबाट प्रहरीले आरोपी व्यक्तिलाई गिरफ्तार गरी अनुसन्धान गर्न थप मद्दत मिलेको देखिन्छ ।

समाप्त

सन्दर्भ सामग्री :

"संसारका मजदुरहरु एक होऔं !"

एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

जिल्ला संगठन समिती
धादिङ

पत्र संख्या :
चलानी नं. :

मिति ०६७/७/२९.....

विषय : प्रेस विज्ञप्ति

दार्खा-१ का शिव थापा मगरको हत्या प्रकरणमा प्रहरी प्रशासनलाई स्वतन्त्र छानवीनमा सहयोग होस् भनी हाम्रो पार्टीका जिल्ला सदस्य टेकबहादुर तामाङ (विक्रम) र पार्टी सदस्य राजेन्द्र विकलाई पार्टीको सबै तहको जिम्मेवारीबाट निष्कासन गरिएको जानकारी गराउँछौं । साथै, हाम्रो पार्टीको नीति विपरित जोकोही पनि कुनै घटनामा संलग्न भए कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन आवश्यक सहयोग गर्न हाम्रो पार्टी सदैव तयार रहेको पनि जानकारी गराउँदछौं ।

हाजु नेपाल 'विकास'
(सेक्रेटरी)
एकीकृत नेकपा (माओवादी)
धादिङ

इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय

२०६७ कार्तिक ४ गते

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

प्रेस विज्ञप्ति

एमाले कार्यकर्ताको हत्याको घटनाको भर्त्सना

धादिङ जिल्ला दार्खा गाविस निवासी नेकपा एमाले धादिङ जिल्ला कमिटीका पूर्वसदस्य ४३ वर्षीय शिव थापामगरको हत्याको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

राजनीतिक वा अन्य जे जस्तो कारणले भएको भए पनि इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय सो हत्याको घोर भर्त्सना गर्दछ । हत्यामा संलग्नलाई कानुनी दायरामा ल्याई कारवाही नगरी दण्डहीनताको अवस्थाका कारण यस्ता हत्याका घटनाले प्रश्रय पाएको हाम्रो ठहर छ ।

यसअघि २०६५ सालमा धादिङकै कृष्ण भण्डारी र काठमाण्डौ जिल्ला स्यूचाटार निवासी निर्मल पन्त र पुष्कर डङ्गोलको हत्यामा संलग्नहरूलाई पनि सरकारले कानुनी दायरामा नल्याएकाले धादिङमा यस्ता प्रकृतिका अपराध बढ्दै गएको देखिन्छ । अतः दोषीमाथि कानुनी कारवाही गर्न सरकारसँग जोडदार माग गर्दछ ।

कृष्ण गौतम
क्षेत्रीय संयोजक

मानवअधिकार र सामाजिक न्यायका लागि
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय
सत्मलाई मार्ग, पुल्चोक, ललितपुर, पोष्ट बक्स नं. २७२६
फोन ५५५०९९९, फ्याक्स ५५३९७०१
email : insec@insec.org.np
Website : www.inseconline.org

मृतक शिव थापामगरको शव